नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं नेपाल

फोन नं. ४२५३३९५, ४२५३३९६

प.सं.

च.नं.

मितिः.........................

## औषधी तथा औषधी जन्य सामाग्री आपुर्तिका लागि सिलवन्दी दरभाउपत्र आव्हनको सुचना

सुचना नं. Sukraraj/00४/078/79

प्रथम पटक प्रकाशित मिति- २०७८/०९/०२

यस अस्पतालको लागि आवश्यक पर्ने औषधी तथा औषधी जन्य सामाग्रीहरु खरिद गर्नका लागि योग्यता पुगेका इच्छुक इजाजत प्राप्त फर्म, कम्पनी, व्यवसायीहरुवाट निम्न शर्तहरुको अधिनमा रहि सिलवन्दी दरभाउपत्र आव्हान गरिएको छ ।

१. सिलवन्दी दरभाउपत्रको सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र चालु आ.व. को लागि नविकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर तथा आ. व. २०७७/०७८ सम्मको मू.अ. कर र करचुक्ता भएको प्रमाणपत्र वा कर विवरण दाखिला गरेको प्रमाणको प्रतिलिपी र रु. १,०००।—(फिर्ता नहुने गरि) यस अस्पतालको काउन्टरमा जम्मा गरेको सक्कल रसिद समेत संलग्न राखि खरिद गर्न सकिने छ ।

२. खरिद गरेको दरभाउपत्र रितपुर्वक भरि प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिनको १२.०० वजे भित्र प्रस्तावित खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नवाझिएको र सम्वन्धित पेशा वा व्यवसाय सम्वन्धी कसुरमा सजाय नपाएको भन्ने लिखित स्वः धोषणा गरेको पत्र साथै पेशा वा व्यवसायी इजाजत पत्र सम्वन्धी अधिकार पत्र लगायतका कागजातहरुको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपी अनिवार्य संलग्न राखि यस अस्पतालमा दर्ता गराई सक्नु पर्नेछ । उपरोक्त बमोजिम नभएको दरभाउपत्र उपर कारवाही गरिने छैन ।

३. दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट वा लगतै कार्यालय खुलेको दिन सोही समयमा हुनेछ । दरभाउपत्र दाखिला गर्ने अन्तिम दिनको २.०० वजे दरभाउपत्रदाता वा निजको आधिकारिक प्रतिनिधीको रोहवरमा खोलिनेछ । प्रतिनिधी उपस्थित नभए पनि सिलवन्दी दरभाउपत्र खोल्न कार्यालयलाई बाधा पर्ने छैन ।

४. दरभाउपत्रदाताले कवोल गरेको दररेट अंक र अक्षरमा केरमेट नगरी प्रष्ट रुपमा उल्लेख गर्नुपर्ने छ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ र केरमेट वा थप घट गर्नुपर्ने भएमा बुझिने गरि काटी दायाँ वाँया आधिकारीक व्यक्तिको सही र फर्मको छाप लगाएको हुनुपर्ने छ ।

५. दरभाउपत्र जमानत वापत दरभाउपत्र दाताले दरभाउपत्र खुल्ने अन्तिम मितिले कम्तिमा ९० दिन म्याद भएको तपसिलमा उल्लेख भए अनुसारको रकमको बैंक जमानत (विड बण्ड) पेश गर्नुपर्ने छ । नगद बुझाउन चाहने बोलपत्र दाताले को. ले. नि. का, त्रिपुरेश्वरको नाममा रा. वा. बैंक टेकू शाखामा रहेको धरौटी हि.नं. क १०००१००१०२३०३०००० यस कार्यालयको कोड नं. ३७००१३५०६ मा जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।

६. खरिद हुने औषधी तथा औषधी जन्य सामाग्रीहरु सामानहरुको म्याद कम्तीमा २ बर्ष वा Manufacturing date बाट Expiry date कम्तीमा ८०% बाँकी हुँदा स्टोरमा दाखिला हुनु पर्नेछ । सो भन्दा घटी म्याद भएका सामानहरु

Scanned with CamScanner

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल
टेकु, काठमाडौं नेपाल
फोन नं. ४२५३३९५, ४२५३३९६

प.सं.
च.नं.

मितिः.........................

सडेगलेका, टुटफुट भएका, म्याद नाघेका, कमसल आदि औषधी तथा औषधी जन्य सामानहरु स्विकार गरिने छैन साथै सप्लाई हुने औषधी तथा औषधी जन्य सामानहरु गुणस्तर प्रमाण प्राप्त भएको हुनु पर्नेछ ।

७ आपूर्ति हुने औषधी तथा औषधी जन्य सामानहरु अस्पतालको माग अनुसार एक मुष्ठ वा आ. व. ०७८/०७९ भित्र लट अनुसार सप्लाई गरि सक्नु पर्नेछ ।

८. नेपाल सरकारको हीतलाई ध्यानमा राखि प्राप्त हुन आएका दरभाउपत्रहरु आंशिक वा पूर्ण स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस अस्पतालमा रहने छ । साथै दरभाउपत्र संझौता पश्चात आ. व. ०७८/०७९ भित्र थप सामान आवश्यक परेमा कबोल दर रेटमा माग भएका सामानहरु सप्लाई गर्नु पर्ने छ ।

९. सप्लाई भएका औषधी तथा औषधी जन्य सामानहरुको गुणस्तर को चेक जाँच अस्पतालबाट गठित प्राबिधिक समिति वाट हुने छ । संझौता अनुसार सामान गुणस्तर रहेको प्राबिधिक रिपोर्ट प्राप्त भएपछि मात्र स्विकार गरि भुक्तानी गरिने छ ।

१०. रित नपुगेको, म्याद नाघी आएको, सही छाप नभएको, केरमेट भै अंक र अक्षर नवुझिएको दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

११. यस सूचनामा नपरेका कुराहरु दरभाउपत्र फारम तथा सार्वजनिक खरिद ऐन २०६३, नियमावली २०६४ र अन्य प्रचलित कानुन वमोजिम हुने छ ।

१२. दरभाउपत्र सम्वन्धी केही कुरा थपघट वा संशोधन भएमा अस्पतालको web site मा वा सूचना पाटीमा टाँस गरिने छ ।

| ठे. नं. | कामको विवरण | दरभाउपत्रको जमानत रु. | दरभाउपत्र दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दर भाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| ०४/०७८/०७९ | अस्पतालको लागि आवश्यक औषधी तथा औषधी जन्य सामाग्रीहरु खरिद | १,२५,०००।०० | १०००।०० | २०७८/०९/१६ | २०७८/०९/१७ गते दिनको १२.०० वजे भित्र |

निर्देशक
डा मनिषा रावल